"यो स्पोकेन पब्लिक स्कूल हो। सोमबार, सेप्टेम्बर १४ तारिक देखि हामी स्कूल साइटहरूमा दैनिक भोजन वितरण गर्ने छैनौं। यसको सट्टा, हामी ५ दिने खाना किटहरू वितरण गर्नेछौं। एउटा खाना किट भनेको ५ दिन सम्मको लागी खानाको प्याकेज हो, जुन ५ दिन सम्म रहनेछ। यो खाना किट निः शुल्क १८ वर्ष पुगेका र मुनिका बच्चाहरूको लागि हो। ५ दिने खाना किटहरू ३४ वोटा प्राथमिक विद्यालयहरू, ६ वोटा मिडल स्कूलहरु र ५ वोटा हाई स्कूलहरुमा उपलब्ध हुनेछन्। प्राट, लेब्बी, मोन्टेसोरी, ब्रायन्ट, द कम्युनिटी स्कूल, अनट्र्याक एकाडेमी, र न्यूटेकमा खाना किटहरू वितरण गरिने छैन। विद्यार्थी वा अभिभावकहरूले खाना किटहरू लिन सक्छन्। तपाईं एउटै स्कूलबाट तपाईका सबै विद्यार्थीहरूको लागि खाना किटहरू लिन सक्नुहुनेछ । तपाईं निम्न समयहरू मध्येबाट एउटा समय छनौट गर्न सक्नुहुनेछ सोमबार ११: ५० देखी १२ -५० सम्म अथवा बेलुकी ५ बजे देखी ६ बजे सम्म वा बुधवार बिहान ८ बजे देखी ९ सम्म वा ११: ५० देखी १२ -५० सम्म। एकचोटि तपाईंले दिन र समय छनौट गर्नु भए पछी, कृपया हप्ताको तेही दिन र समयमा खान किट लीन जानुहोला। तपाईंले छनौट गर्नुभएको समय स्कूल वा तपाइको लंग्वेज एस्पेसलिस्टलाई भन्नु पर्दैन। अर्को हप्ता सोमबार वा बुधवार पिकअपको समयमा स्कूलमा जादा हुन्छ। यदि तपाईंलाई खानाहरुको बारेमा सहयोग चाहिएको छ भने, तपाइको लंग्वेज एस्पेसलिस्टलाई ५०९-५९८-९५४४ मा सम्पर्ग गर्नुहोला। ”

धन्यवाद !!